मिति २०७७ चैत्र २६ गते विहीवार सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यू अध्यक्षतामा वसेको विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन राष्ट्रिय परिषद्को पाँचौ वैठकका निर्णयहरु

निर्णय नं. १:- वाढी तथा पहिरोबाट प्रभावित परिवारहरूको निजी आवास पुनर्निर्माण गर्न "मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७" अनुसार खर्च गर्ने गरी राष्ट्रिय विपद् व्यवस्थापन कोषबाट प्राधिकरणलाई रु. ५० करोड उपलब्ध गराउन कार्यकारी समितिलाई निर्देशन दिने ।

निर्णय नं. २:- राष्ट्रिय विपद् व्यवस्थापन कोष परिचालन नियमावलीको तर्जुमा गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिने । उक्त नियमावली तर्जुमा गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको संयोजकत्वमा अर्थ मन्त्रालय, गृह मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रतिनिधित्वमा कार्यदल गठन गर्ने । उक्त कार्यदलले ३० दिनमा नियमावलीको मस्यौदा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गृह मन्त्रालयमा पेश गर्ने ।

निर्णय नं. ३:- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ बमोजिम गठित राष्ट्रिय विपद् व्यवस्थापन कोषको सञ्चालन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम १०(४) बमोजिम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गृह मन्त्रालयको समन्वयमा विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि तत्काल तर्जुमा गर्ने ।

निर्णय नं. ४:- आगलागीबाट प्रभावित निजी घर वस्तीलाई पुनर्निर्माण गर्न मनसुनजन्य विपद् प्रभावित घर परिवारको निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ मा आगलागीबाट क्षतिग्रस्त निजी घर पुनर्निर्माण गर्न सकिने गरी अनुदान कार्यविधिलाई कार्यकारी समिति मार्फत संशोधन गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले कार्यान्वयनमा ल्याउने ।

निर्णय नं. ५:- आगामी दिनहरुमा वाढी पहिरोबाट प्रभावित निजी आवास पुनर्निर्माणका लागि 'मनसुनजन्य विपद् प्रभावित घर परिवारको निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७' अनुसार पुनर्स्थापना तथा पुनर्निर्माणको कार्यलाई राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले निरन्तरता दिने ।

निर्णय नं. ६:- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको दश वर्षे महा-अभियान सञ्चालन गर्न सबै प्रकारको विपद् व्यवस्थापन गर्न सक्षम संस्थाको रुपमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई विकास गर्न आवश्यक नीतिगत, कानूनी, संस्थागत र वित्तीय प्रबन्ध गर्न सक्ने र विभिन्न विपद्हरुबाट क्षति भएका संरचनाहरु पुनर्निर्माण गर्न एकीकृत कार्यविधि तर्जुमा गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत, नेपाल सरकारका मुख्य-सचिव, गृह सचिव र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख सदस्य रहने गरी कार्यदल गठन गर्ने ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं